# सत्ता प्राप्तिमा सती प्रथा : भीमसेन थापाको षड्यन्त्रमा राजराजेश्वरीको सती

सुजित मैनाली

## पृष्ठभूमि

नेपाली बृहत् शब्दकोशले "सती प्रथा" शब्दको अर्थ यसरी लगाएको छ : "विवाहित लोग्ने मरेपछि जिउँदी स्वास्नीलाई लोग्नेको लाससँगै जलाउने वा जल्न दिने प्रथा" (पराजुली २०४० : १२९२) । असार २५, १९७७ मा प्रधानमन्त्री चन्द्र शमशेरले सती प्रथामाथि प्रतिबन्ध लगाएपछि मात्रै यस्तो चलन रोकिएको थियो । सामान्यतः सती प्रथालाई पुरुष-प्रधान सामाजिक मान्यताको उपज मानिन्छ । नेपाली सन्दर्भमा सती प्रथाबारे लेख्ने क्रममा माला मल्लले शिशु बालिकाको हत्या गर्ने र महिलालाई सम्पत्तिको अधिकार नदिने तथा अन्य कानूनी अधिकार कम दिने प्रथा जस्तै सती प्रथालाई पनि हिन्दू समुदायमा विद्यमान पुरुष-प्रधान सोच र व्यवहारको परिणाम मानेकी छन् (मल्ल सन् २०१०–११ : ११) ।

उपलब्ध ऐतिहासिक दस्तावेजहरूले नेपालमा सती प्रथा मूलतः राजपरिवार तथा राजकाजमा संलग्न अन्य परिवारमा बढी प्रचलित थियो भन्ने देखाउँछन् । राजाको मृत्युपछि दरबारभित्र हुने शक्ति संघर्षमा विरोधी खेमाका मानिसलाई पाखा लगाई सत्ता हत्याउने प्रयोजनका निम्ति दिवंगत राजाका रानीलाई सती प्रथाको आवरणमा पन्छाउने काम नेपालको इतिहासमा भएको पाइन्छ । त्यस्तै काम भीमसेन थापाले गरेका थिए । यो आलेखमा थापाले सत्ता हत्याउन सती प्रथालाई कसरी दुरुपयोग गरेका थिए भन्नेबारे चर्चा गरिन्छ ।

सती प्रथालाई व्यक्तिगत स्वार्थ पूर्तिको हतियार बनाउने भीमसेन थापा पहिलो व्यक्ति भने होइनन् । राजा प्रतापसिंह शाहको मृत्युको केही सातापछि उनकी जेठी महारानी राजेन्द्रलक्ष्मीले आफ्नी सौतालाई जबरजस्ती सती पठाएर सौताप्रति प्रतिशोध साधेकी थिइन् । प्रतापसिंहको मृत्यु हुँदा उनकी सौता गर्भवती थिइन् । गर्भवतीलाई सती नपठाउने नियम रहेकाले तत्काल उनलाई सती पठाउन सम्भव भएन । शिशुलाई जन्म दिएपछि भने राजेन्द्रलक्ष्मीले उनलाई जबरजस्ती सती पठाइन् (पन्त २०६५ : ८२; आचार्य २०७३[२०२२] : २१२) ।

भीमसेन थापाले सती प्रथालाई सत्ता स्वार्थका लागि दुरुपयोग गरेको बारे अन्य लेखकले पनि चर्चा गरेका छन् (आचार्य २०६९; आचार्य २०७२[२०५५]; राज २०६४;

मास्के सन् १९९६; पंगेनी २०६९; आदि) । तर कसैले पनि भीमसेन थापाले सती प्रथाको दुरुपयोग नगरेका भए उनको उदय हुन सक्थ्यो/सक्दैनथ्यो अथवा यसले स्थायित्व पाउँथ्यो/पाउँदैनथ्यो भन्ने तहको विस्तृत व्याख्या गरेका छैनन् । यो आलेखमा सोही विषयमा विस्तृत चर्चा गर्ने जमर्को गरिएको छ ।

## भीमसेन थापाबारे भिन्न मत

भीमसेन थापाबारे लेख्ने इतिहासकारमध्ये चित्तरञ्जन नेपाली, बाबुराम आचार्य र लड्विग स्टिलर प्रमुख हुन् । वि.सं. २०१३ मा नेपाल सांस्कृतिक संघद्वारा प्रकाशित *जनरल भीमसेन थापा र तत्कालीन नेपाल* पुस्तकमा चित्तरञ्जन नेपालीले रणबहादुर शाह र उनका विश्वासिला भारदार भीमसेन थापाका खराबी धोइपखाली चोख्याउने काम गरे (नेपाली २०६०[२०१३]) । बनारसबाट फर्किएपछि स्वामी महाराज रणबहादुर शाह र भीमसेन थापाले आफ्ना विरोधी भारदारहरूको सफाया गरेको, मृतक भारदारहरूका बालक सन्तान र परिवारका अन्य सदस्यलाई अनेकन यातना दिनेदेखि हत्यासम्म गर्ने कामको औचित्य पुष्टि गर्ने प्रयत्न नेपालीबाट भयो । किताबको "प्राक्कथन" मा नेपालीले "राष्ट्रिय इतिहासको सिर्जनामा उत्सुकता सहित प्रोत्साहनपूर्ण सहानुभूति राखिबक्सेकोमा सर्वप्रथम श्री ५ महाराजधिराज महेन्द्र वीर विक्रम शाहदेवका हजुरमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु" भनेका छन् । नेपाल सरकारको आर्थिक सहायताबाट प्रकाशित यस किताबमा उनले थापालाई राजनीतिक, कूटनीतिक र आर्थिक सुझबुझ भएका राजनेता ठहऱ्याउनुका साथै उनलाई दास प्रथा विरोधी कदम चाल्ने, समाज सुधारप्रति प्रतिबद्ध राजनेतासम्म भनेका छन् (नेपाली २०६०[२०१३] : १३१–१३७) । तर दास प्रथाभन्दा पनि अमानवीय सती प्रथालाई भीमसेन थापाले दुरुपयोग गरेको बारे कतै उल्लेख गरेका छैनन् । उनले सरकारी प्रोत्साहनमा "राष्ट्रिय इतिहास" को सिर्जना गर्ने नाममा तत्कालीन राजा महेन्द्रका पुर्खा रणबहादुर शाह र उनका विश्वासिला भारदार भीमसेन थापाको महिमा गाएको देखिन्छ ।

तथापि, यस किताबले सर्वत्र चर्चा हासिल गऱ्यो र मदन पुरस्कार समेत प्राप्त गऱ्यो । इतिहास लेखनमा कहलिएको विद्वत वर्गबाट भने किताबको चर्को आलोचना भयो । इतिहासकार नयराज पन्तले "अन्धभक्ति वा अन्धद्वेष गर्ने परम्परा चलाउने काम इतिहासकारको होइन" भन्दै नेपालीले किताबमा गरेको रणबहादुर शाह र भीमसेन थापाको अन्धभक्तिको आलोचना गरे (पन्त २०१८ : ६) । भीमसेन थापालाई नायकका रूपमा प्रस्तुत गर्ने ध्येयमा लागेका चित्तरञ्जन नेपालीका दाबीलाई गलत ठहऱ्याउँदै बाबुराम आचार्यले विभिन्न लेख लेखे । नेपालीको निष्कर्षलाई गलत साबित गर्न आचार्य भीमसेनलाई खलनायक देखाउने अभियानमा लागे (हेर्नुहोस्, आचार्य २०६९; आचार्य २०७२[२०५५]) ।

भीमसेन थापाबारे लेख्ने इतिहासकारहरू उनको महिमा गाउने अथवा उनलाई गिराउने ध्येयमा लाग्दा सती प्रथासँग भीमसेनको साइनो ढाकछोप गर्ने अथवा यसलाई अतिरञ्जित गर्ने काम भयो । यस्तो मिसनमा नलागेका स्टिलर जस्ता लेखकहरूबाट पनि त्यस विषयमा दृष्टिपातसम्म हुन सकेन । यसले गर्दा इतिहासका विद्यार्थीहरू भीमसेन थापाले गरेको सती प्रथाको दुरुपयोग सम्बन्धी जानकारीबाट धेरै हदसम्म वञ्चित रहनुपरेको छ ।

## सत्ताको तत्कालीन दाउपेच

सबैभन्दा प्रिय रानी कान्तवती सिकिस्त भएपछि विरक्तिएर रणबहादुर शाहले फागुन २८, १८५५ मा नाबालक छोरा गीर्वाणयुद्ध विक्रम शाहलाई राजा बनाई सन्न्यास ग्रहण गरे (नेपाली २०२० : १२३) र आफ्नो नयाँ नाम स्वामी परमनिर्गुणानन्द राखे (पन्त २०१८ : ३) । त्यस अगावै उनले बिरामी रानी कान्तवतीलाई सन्न्यासी बनाइसकेका थिए, र यसरी ईश्वरको सेवामा लीन हुँदा कान्तवतीलाई बिसेक होला भन्ने उनले सोचेका थिए । तर कान्तवतीको मृत्यु भयो । त्यसपछि उनले पुनः शक्तिमा आउने प्रयत्न गरे । नसकेपछि बनारसतिर पलायन भए । उनको साथ लागेर बनारस जाने सेवकमध्ये भीमसेन थापा पनि थिए (वज्राचार्य २०१९ : १६४) । त्यति बेला थापा राज्यको तल्लो तहका जागिरे थिए । रणबहादुर शाहले छोरा गीर्वाणयुद्धलाई राजा बनाउन गरिदिएको ताम्रपत्रमा सहीछाप लगाउने भारदारको सूचीमा भीमसेन थापाको नाम नरहेकाले त्यति बेला उनी भारदार थिएनन् भन्ने स्पष्ट हुन्छ (पन्त २०३१ : २३२) ।

रणबहादुरसँगै गएका भीमसेन थापा समय क्रममा उनका विश्वासपात्र बने । रणबहादुरकै कृपाबाट उनले बनारसमै छँदै सर्दारी मान पाए । बनारसमा रणबहादुरले द्वारिकादास नाम गरेका स्थानीय महाजनबाट ऋण लिने क्रममा गरेको तमसुकका साक्षीहरूमा भीमसेन थापाको नाम पनि छ, जहाँ उनलाई “सर्दार” लेखिएको छ (नेपाली २०६०[२०१३] : १६) । काठमाडौँका भारदारहरूको चाहना विपरीत बलपूर्वक काठमाडौँ फर्किएर रणबहादुर राजकाजमा पुनः हावी भए । शासन-सत्तामा रणबहादुरको फिर्तीसँगै उनका विश्वासपात्र भीमसेन थापाले पनि सत्ताको खुड्किलो चढ्दै गए ।

रणबहादुर शाह र भीमसेन थापा बनारसमा छँदा नेपालको भारदारी सभामा रणबहादुरका सौतेनी भाइहरू शेरबहादुर शाह र विदुर शाहका अतिरिक्त पाँडे, बस्नेत, मगर, गुरुङ र प्रधान (नेवार) खलकका भारदारको रजगज थियो । भारदारहरूबीच हुने हानथाप र आपसी षड्यन्त्रका कारण शक्तिशाली भारदार परिवारका केही नाइके मारिए । भीमसेन थापाले आफू शक्तिशाली बन्न बचेका प्रभावशाली भारदार र उनीहरूका आफन्तको हत्या गराए । बाँकीलाई काठमाडौँबाट विभिन्न बहानामा पलायन गराएर आफू पक्षका मानिसलाई मात्र शासन-सत्ताको केन्द्रमा रहन दिए ।

रणबहादुर बनारसमा छँदा काठमाडौँमा माहिली महारानी सुवर्णप्रभा बालक राजा गीर्वाणयुद्धकी नायब थिइन्। त्यस अगावै रणबहादुरकी जेठी महारानी राजराजेश्वरी पतिसँग रहन भनेर बनारस गइसकेकी थिइन् (वज्राचार्य २०१९ : १६४)। काठमाडौँमा महारानी सुवर्णप्रभाको निकट रहेका मूल काजी कीर्तिमानसिंह बस्नेतको हत्या भयो। उनको हत्यामा संलग्न भएको आरोपमा जेठी महारानी राजराजेश्वरीसँग निकट रहेका सर्दार प्रतिमान राना, खजाञ्ची गर्भु खवास, सर्दार इन्द्रसिंह खवास आदिलाई काटियो र देवदत्त थापाको आँखा झिकियो (नेपाल २०६४[२०५०] : ९६)। त्यस घटनापछि राजकाजमा बस्नेत र मगर भारदारहरूको प्रभाव घट्यो।

सुवर्णप्रभाले कीर्तिमानसिंह बस्नेतलाई मूल काजी बनाउँदा आफूलाई कीर्तिमानसिंहभन्दा ठूलो भारदार सम्झिने दामोदर पाँडे बिच्किएका थिए। सुवर्णप्रभाले उनलाई काजी मात्र बनाएकी थिइन्। असन्तुष्ट पाँडे जेठी महारानी राजराजेश्वरी बनारसबाट फर्किएपछि उनको खेमामा गए। सत्ता आफ्ना हातमा लिएर बालक राजा गीर्वाणयुद्धको नायब बनेपछि राजराजेश्वरीले दामोदरलाई मूल काजी नियुक्त गरिन्।

## भीमसेन थापाको उदय

राजराजेश्वरी र दामोदर पाँडेले रणबहादुरलाई आवश्यक खर्च पठाएर बनारसमै राख्ने तर नेपाल फर्किन नदिने नीति लिएका थिए। रणबहादुर नेपाल फर्किएपछि उनी पुनः राजकाजमा हावी हुन खोज्नेछन् र आफूहरूको प्रभाव खुम्चिनेछ भन्ने भय उनीहरूलाई थियो। उनीहरूले तेर्साएको अवरोध छिचोल्दै रणबहादुर दलबल सहित जबरजस्ती काठमाडौँ आइपुगे। उनलाई पक्राउ गर्न पठाइएका सैनिकहरू पनि उनकै पक्षमा लागे। त्यसपछि रणबहादुरले आफूलाई नेपाल आउनबाट रोक्ने भारदारहरूलाई तारो बनाए।

काठमाडौँ आउनासाथ उनले विरोधी खेमाका प्रमुख भारदार दामोदर पाँडे र प्रबल रानालाई पक्राउ गरी थुनामा राखे। दिसा गर्ने निहुँमा प्रबल राना कारागारबाट भागी भारततिर लागे। कारागारमै रहेका दामोदर पाँडे काटिए। प्रबल रानाको पलायनपछि मगर भारदार थप कमजोर भए। दामोदरको हत्यापछि उनका छोराहरू रणकेशर पाँडे र गजकेशर पाँडेलाई पनि काटियो। दामोदर पक्षका भीम खवास र उनका तीन छोरालाई पनि मारियो (नेपाल २०६४[२०५०] : ९७)। यसबाट पाँडे खलक र मगर खलक शक्तिहीन भए।

रणबहादुर नेपाल फर्किएपछि भारदारीसभा पुनर्गठन हुँदा दिवंगत कीर्तिमानसिंह बस्नेतका भाई बख्तवारसिंह बस्नेत, नरसिंह गुरुङ, त्रिभुवन प्रधान र भीमसेन थापा काजी बने (आचार्य २०६९ : ५२)। रणबहादुरका सबैभन्दा विश्वासिला भीमसेन थापा यति बेला निकै शक्तिशाली भइसकेका थिए। त्यसैले पछि भारदारीसभामा आफू सहित बाबु

अमरसिंह थापा र छोराहरूलाई एकमुष्ट रूपमा काजी बनाउन उनी सफल भए (नेपाली २०६०[२०१३] : १३)।

नेपाल फर्किएर दामोदर पाँडे र उनका छोराहरूको हत्या गरेपछि रणबहादुरले दामोदरसँग मिलेर आफूलाई नेपाल आउनबाट रोक्न खोज्ने जेठी महारानी राजराजेश्वरीलाई तारो बनाए। उनले राजराजेश्वरीलाई हेलम्बुमा निर्वासित गरे (नेपाल २०६४[२०५०] : ९७)। रणबहादुरले राजराजेश्वरीलाई किन निर्वासित गरे भन्नेबारे चित्तरञ्जन नेपालीले लेखेका छन् :

> उनलाई निर्वासित गर्नुपरेको कारण इतिहासकारहरूको भनाइ बमोजिम उनले दामोदर पाँडेलाई नै काजीको पद दिइराखेकोले पनि हो भन्न सकिन्छ, किनभने दामोदर पाँडेलाई नहटाउनु रणबहादुरको दृष्टिकोणमा उनको राजनैतिक गल्ती अवश्य थियो। तर पनि त्यति मात्र निर्वासनको कारण थिएन। दामोदर पाँडेले आफूलाई गिरफ्तार गर्न चाँदीको नेल समेत लिई सशस्त्र सैन्यको साथ थानकोट आउनु नायब महारानीको आदेश र सहमतिबिना सम्भव थिएन भन्ने कुरा उनले बुझेहोलान्। हुन पनि नेपाल आएर नायबी हत्याएपछि रणबहादुर शाहलाई नेपाल नल्याउने षड्यन्त्रमा महारानीले दामोदर पाँडेको साथ दिएकी थिइन्, तथा रणबहादुरलाई बनारसमै राख्ने, तर खर्चसम्म मात्र नेपालबाट पठाउने भन्ने मतोमा मिलेकी थिइन्। यसै विषयमा उनले रणबहादुर शाहलाई पत्र पनि पठाएकी थिइन्। महारानीको यस कार्यदेखि रणबहादुर क्रोधित हुनु अस्वाभाविक थिएन। यसर्थ उनको नेपाल आगमनमा दामोदर पाँडेपछि दोस्रो शिकार महारानी राजेश्वरीदेवी भइन्। (२०२० : ७१–७२)

रणबहादुर शाह वि.सं. १८६२ फागुन शुदि ८ मा मुख्तियार बने। हिजो आफूलाई बनारस लखेट्न सौतेनी भाइ शेरबहादुर शाह र उनका मामा त्रिभुवन प्रधानले भूमिका खेलेको भन्दै बदला लिने सोच उनले बनाए (नेपाल २०६४[२०५०] : ९७)। बदला लिन भनेर त्रिभुवन प्रधानलाई उनले दुई ओटा आरोप लगाए। पहिलो, रणबहादुर बनारसमा छँदा काठमाडौँ आएका ब्रिटिश इन्डियाका आवासीय दूत क्याप्टेन नक्सलाई काठमाडौँमा कोठी दिलाएको; दोस्रो, राष्ट्रिय ढुकुटीको पैसा हिनामिना गरेको (नेपाली २०२० : १४२)। यी अभियोगमा उनी दोषी रहे/नरहेको अनुसन्धान नगरिकन उनलाई मृत्युदण्ड दिन भनेर पोडेको हातमा सुम्पिइयो। र, काट्न भनेर विष्णुमतीको किनारमा लगियो। त्यहीँबाट उनले "यसमा म मात्रै दोषी छु कि अरू पनि छन् भन्ने कुरा यसले खोल्छ" भनेर एउटा कागज रणबहादुरसम्म पुऱ्याउन लगाए (नेपाल २०६४[२०५०] : ९७)। त्यसपछि रणबहादुरले केरकार गर्न भनेर त्रिभुवनकै घरमा प्रभावशाली भारदारहरूको भेला डाके। त्रिभुवनसँगै शेरबहादुरलाई पनि आरोपले डाम्ने नियतले रणबहादुरले केरकार शुरू गरे। आफू फस्ने पक्का देखेपछि शेरबहादुरले म्यानबाट तरबार झिकेर रणबहादुरको छातीमा

प्रहार गरे । तरवार प्रहारबाट भुइँमा ढलेका रणबहादुरको काँधमा शेरबहादुले अर्को चोट थपे । पहिलो चोट खाएपछि रन्थनिएका रणबहादुरले छेउमा रहेका बालनरसिंह कुँवरलाई "ए बाले" भन्दै सहयोग मागे । बालनरसिंहले तत्कालै खुकुरी प्रहार गरेर शेरबहादुरलाई ढाले (नेपाली २०२० : १४३) । त्यसै रात रणबहादुर र शेरबहादुर दुवैको मृत्यु भयो । रणबहादुरको दाहसंस्कार गरियो । रणबहादुरको शवसँगै कसैलाई सती पठाइएन (नेपाल २०६४[२०५०] : ९८) । रणबहादुरको हत्या हुँदा भीमसेन थापा भात खान भनी कचहरीबाट निस्किएका थिए । घटना भएको थाहा पाएपछि भात खान छोडेर हात पुछ्दै घटनास्थलमा आए (नेपाली २०२० : १४३) ।

रणबहादुरको हत्या हुँदा राजा गीर्वाणयुद्ध नौ वर्षका थिए । उनको नाममा मुख्तियारी चलाइरहेका रणबहादुरको मृत्युपछि मुलुकको हर्ताकर्ता बन्न भीमसेन थापा तम्सिए । घटनास्थलमा आइपुगेपछि त्यहाँ रहेका भारदारहरूप्रति कडा रूपमा प्रस्तुत भएर उनले रणबहादुर नरहेको अवस्थामा उनको विश्वासपात्रका हैसियतले अब उप्रान्त मुलुकको हर्ताकर्ता आफू भएको छनक दिए । रणबहादुरको हत्या गराउने काममा संलग्न सबैलाई ठेगान लगाउने खुला चेतावनी दिए । कसैले उनको प्रतिवाद गर्न सकेन (नेपाली २०२० : १४३) । पहरा दिन बसेको पल्टनलाई घटनास्थलमा रहेका कुनै पनि भारदारलाई बाहिर जान नदिन उनले निर्देशन दिए (नेपाल २०६४[२०५०] : ९७) । त्यसपछि बालक राजा गीर्वाणयुद्धलाई घटनाबारे जाहेर गर्न भनेर दरबार गए (नेपाली २०२० : १४४–१४५) ।

मुलुकको हर्ताकर्ता बन्न भीमसेन थापाले रणबहादुरको हत्यामा संलग्न भएको आरोप लगाई शेरबहादुर पक्षका भारदारहरूको हत्या गर्न शुरू गरे । यसै क्रममा उनले शेरबहादुरका दाजु चौतारिया विदुर शाह, काजी त्रिभुवन प्रधान, काजी नरसिंह गुरुङ आदिको हत्या गराए । त्यसपछि उनले बचेका अनुभवी भारदारहरूलाई पन्छाउने नीति लिए । यही नीति अनुरूप चौतारिया बम शाहलाई गढ-कुमाउका प्रशासक बनाएर पठाइयो । काजी बख्तवारसिंह बस्नेतलाई किरात क्षेत्रका प्रशासक बनाइयो (पन्त २०२१ : ७३) ।

आफूसँग सहमत नभएका प्रभावशाली भारदारहरूलाई मारेर अथवा काठमाडौँ बाहिर पठाएर भीमसेन थापाले राजकाजमा आफू र आफ्ना पक्षधरहरूको एकछत्र हालीमुहाली सुनिश्चित गरे । रणबहादुरसँगै उनका सौतेनी भाइहरू विदुर शाह र शेरबहादुर शाह मारिएपछि पृथ्वीनारायणका प्रभावशाली सन्तति कोही बाँकी रहेनन् । राजा गीर्वाणयुद्ध नाबालक भएकाले उनले भीमसेन थापाको महत्त्वाकांक्षामा तगारो हाल्ने कुरै थिएन । त्रिभुवन प्रधान र नरसिंह गुरुङ मारिएपछि राजकाजमा जमेका नेवार र गुरुङ परिवार पनि कमजोर भए । दामोदर पाँडे त्यसअघि नै मारिएकाले र बख्तवारसिंह बस्नेतलाई पनि काजको बहाना गरेर राजधानी बाहिरै अलमल्याइएकाले पाँडे र बस्नेत परिवारबाट पनि भीमसेन थापाले अवरोध सहनुपर्ने अवस्था आएन (पन्त २०३१ : २३३) । सबै भारदारलाई पाखा लगाइसकेपछि

राजकाजमा एकछत्र राज सुनिश्चित गर्न अब भीमसेन थापाले रणबहादुरका रानीहरूलाई तह लगाउन मात्र बाँकी रह्यो ।

## सती प्रथा मार्फत राजराजेश्वरीको "उन्मूलन"

रणबहादुरका श्रीमतीहरू राजराजेश्वरी र सुवर्णप्रभा सौता भएकाले उनीहरू बीचको सम्बन्ध सुमधुर थिएन । राजराजेश्वरी तर्फबाट रणबहादुरकी एक छोरी मात्र जन्मिएकी थिइन् । महारानी सुवर्णप्रभाका तर्फबाट चाहिँ दुई छोरा जन्मिएका थिए । यस्तोमा सुवर्णप्रभाले आफ्ना जेठा छोरा रणोद्योत शाहलाई राजगद्दीको उत्तराधिकारी बनाउने निश्चय गरेकी थिइन् (आचार्य २०७२[२०१९?] : २६) ।

त्यति बेला रणबहादुर बालविधवा तिरहुतिया ब्राह्मणी कान्तवतीप्रति आशक्त भए । तर आफ्ना तर्फबाट जन्मिने छोरालाई उत्तराधिकारी बनाउन रणबहादुर तयार भए मात्रै बिहे गर्न आफू राजी हुने प्रमुख शर्त कान्तवतीले राखेकी थिइन् । अन्ततः रणबहादुरले उनको शर्त माने । सुवर्णप्रभा प्रतिको ईर्ष्याका कारण रणबहादुर र कान्तवतीको बिहे गराउन राजराजेश्वरी स्वयं अग्रसर भएकी थिइन् (आचार्य २०७३[२०२२] : २५६–२५७) ।

कान्तवतीका तर्फबाट रणबहादुरले पुत्र प्राप्त गरे, जसलाई गीर्वाणयुद्ध विक्रम नाम दिइयो र राजा रणबहादुरको उत्तराधिकारी घोषित गरियो । गीर्वाणयुद्ध जन्मिएको एक वर्षपछि कान्तवतीलाई क्षयरोग लाग्यो (आचार्य २०७३[२०२२] : २५८–२५९) । छोराको भविष्यबारे कान्तवतीलाई निश्चिन्त तुल्याउन रणबहादुरले गीर्वाणयुद्धलाई राजा घोषित गरे । आफू चाहिँ सन्न्यास ग्रहण गरेर कान्तवतीसँगै रहन थाले । गीर्वाणयुद्धको संरक्षक भएर नायब बनी शासन चलाउने अख्तियारी उनले जेठी महारानी राजराजेश्वरीलाई सुम्पिए (वज्राचार्य र श्रेष्ठ २०३७ : २४८) । कान्तवतीको मृत्युपछि बनारस पलायन भएका रणबहादुरको साथमा रहन भनेर राजराजेश्वरी उतैतिर गएपछि राजकाजको अधिकार माहिली महारानी सुवर्णप्रभाको हातमा आयो । बनारसबाट फर्किएपछि सुवर्णप्रभालाई हटाई राजराजेश्वरी नै पुनः गीवर्णयुद्धको नायब बनिन् ।

कान्तवती बिरामी भएकाले सानैदेखि गीर्वाणयुद्धको लालनपालन र हेरचार राजराजेश्वरीले गरेकी थिइन् । उनलाई रणबहादुरले औपचारिक रूपमै नायब नियुक्त गरेका थिए । उनले दुई पटक नायब भएर शासन चलाइसकेकी थिइन् । त्यसैले, रणबहादुर नरहेको अवस्थामा बालक राजा गीर्वाणयुद्धको नायब भएर राजकाजमा पुनः हावी हुन राजराजेश्वरीलाई रणबहादुरका अन्य रानीहरूको तुलनामा बढी सहज थियो । त्यसैले, भीमसेनले राजराजेश्वरी गीर्वाणयुद्धको नायब बने आफ्नो राजनीतिक महत्त्वाकांक्षामा ठेस लाग्छ भन्ने महसुस गरे ।

त्यसमाथि राजराजेश्वरी साहसी नारी थिइन् । रणबहादुर बनारस गएको केही समयपछि उनी पनि दरबार छोडेर पतिसँगै रहन भनेर बनारस गइन् । बनारसमा रहँदा रणबहादुरका

हर्कतबाट आजित भइन् । रणबहादुर परस्त्रीगमनमा लिप्त थिए । बनारसमा उनले मेहेताव नाम गरेकी एक जना मुसलमान कन्यालाई रखौटी बनाएर राखेका थिए (नेपाल २०४० : २११) । आफ्नो ऐस-आरामका लागि उनले राजराजेश्वरीका गरगहनासम्म मासिदिएका थिए (स्टिलर सन् १९७३ : ३०२) । विभिन्न व्यक्तिबाट ऋण लिएका थिए । रणबहादुरका यस्ता व्यवहारबाट विरक्तिएकी राजराजेश्वरीले नेपाल फर्किने निधो गरिन् । त्यति बेला गीर्वाणयुद्धको नायब भएर सुवर्णप्रभाले शासन सञ्चालन गरिरहेकी थिइन् । राजराजेश्वरी फर्किए आफ्नो हैसियत गुम्ने सम्भावना देखेपछि उनलाई रोक्न सुवर्णप्रभाले सैनिक परिचालन गरिन् । तर राजराजेश्वरी दृढताका साथ केटी सुसारेहरूका साथ काठमाडौँतिर उन्मुख भएपछि उनलाई रोक्नुको सट्टा पाल्कीमा बोकेर सैनिकहरू काठमाडौँतिर फर्किए (स्टिलर सन् १९७३ : ३१३) । काठमाडौँ फर्किएर उनी दोस्रो पटक राजा गीर्वाणयुद्धकी नायब बनिन् । राजराजेश्वरीमा निहित जोखिम मोल्ने साहसले पनि सायद भीमसेन थापालाई सचेत बनाएको थियो ।

राजराजेश्वरीप्रति भीमसेन थापा सशंकित र रुष्ट हुनुको अर्को कारण दामोदर पाँडे सँगको उनको निकटता पनि हो । राजराजेश्वरी बनारसबाट फर्किएपछि उनलाई स्वागत गर्नुपर्ने पक्षमा दुई जना—काजी दामोदर पाँडे र त्रिभुवन प्रधान—उभिए (स्टिलर सन् १९७३ : ३११) । महारानी सुवर्णप्रभा र उनका पक्षका भारदारहरूले चाहिँ राजराजेश्वरीलाई काठमाडौँ आउन दिन नहुने मत जाहेर गरे ।

अन्ततः राजराजेश्वरी थानकोटसम्म आइपुगिन् । त्यसपछि सुवर्णप्रभा र उनका पक्षका भारदार बालक राजा गीर्वाणयुद्धलाई साथमा लिएर दरबारबाट भागे । दामोदर पाँडे चाहिँ राजराजेश्वरीको पक्षमा गए । उनलाई थानकोटदेखि काठमाडौँमा ल्याएर दरबारमा प्रवेश गराउन सहयोग गरे । भागेका भारदार र भगाइएका बालक राजालाई फर्काइयो । राजराजेश्वरी गीर्वाणयुद्धकी नायब बनिन् । आफूलाई सत्तामा पुनर्स्थापित गराउन सहयोग गरेको भन्दै उनले दामोदर पाँडेलाई मूल काजी बनाइन् (स्टिलर सन् १९७३ : ३१३) ।

रणबहादुरलाई नेपाल फर्किन नदिने मुख्य नाइके दामोदर पाँडे भएकाले उनीप्रति रणबहादुर र उनका सहयोगी भीमसेन थापा क्रुद्ध थिए । राजराजेश्वरीले दामोदरसँग मिलेर रणबहादुरलाई काठमाडौँ आउन नदिने अग्रसरता लिएकै कारण उनलाई रणबहादुरले काठमाडौँ फर्किएपछि हेलम्बुमा निर्वासित गरेका थिए । रणबहादुरको हत्या भएपछि भीमसेनले विरोधी भारदारहरूसँगै राजराजेश्वरीलाई पनि बाटोबाट हटाई अकण्टक शासन सुनिश्चित गर्ने योजना बनाए । सोही योजना अनुरूप रणबहादुर मारिए लगत्तै हेलम्बुमा रहेकी राजराजेश्वरी लिन सैनिकहरू पठाए । रणबहादुरको मृत्यु भएको नवौँ दिनमा उनलाई १४ जना केटी सुसारेका साथ जबरजस्ती सती पठाइयो (वज्राचार्य २०१९ : २९४) । राजराजेश्वरीलाई सती पठाइएपछि काठमाडौँको नेवार समुदायमा रचिएको एउटा लोकगीतमा

विजयालक्ष्मी अर्थात् राजराजेश्वरीलाई सती पठाउने षड्यन्त्रमा भीमसेन थापालाई जिम्मेवार ठहऱ्याइएको छ (राज २०६४ : २८–३०) ।

रणबहादुरको मृत्यु भएको पन्ध्रौँ दिनमा बनारसबाट काठमाडौँ आइपुगेकी रणबहादुरकी भित्रेनी रानी चन्द्रावतीलाई पनि सती पठाइयो (नेपाल २०६४[२०५०] : ९८; आचार्य २०७२[२०५५] : ६१) । उनलाई किन सती पठाइयो भन्ने स्पष्ट छैन । उनलाई सत्ता स्वार्थ पूर्तिको निम्ति सती पठाइएको चाहिँ देखिँदैन ।

छोरी मात्रकी आमा राजराजेश्वरीलाई सती पठाउन बाध्य पार्नु भीमसेनलाई त्यति गाह्रो पनि थिएन । जंगबहादुरको पालामा पनि छोराकी आमालाई भन्दा छोरीकी आमालाई सती पठाउन बढी सहज थियो । जंगबहादुरले जारी गरेको १९१० को मुलुकी ऐन "सती जान्याको" सम्बन्धी महलको दफा नं. २ र ३ मा कान्छो छोरो १६ वर्ष र कान्छी छोरी पाँच वर्ष नपुगेका महिलाले चाहे भने पनि सती जान नदिनू भन्ने व्यवस्था गरिएको थियो (कानून किताब व्यवस्था समिति २०२२) । यस्तोमा जंगबहादुरले मुलुकी ऐन जारी गर्नुभन्दा करिब ५० वर्ष अघिको अझ कट्टर समाजमा छोरीकी आमा राजराजेश्वरीलाई सती जान बाध्य पार्न भीमसेन थापालाई गाह्रो भएन । सती प्रथाको सन्दर्भमा जंगबहादुरको समयभन्दा भीमसेन थापाको समय कट्टर थियो भन्ने प्रमाण अनेक छन् । मल्ल कालमा पाटनका राजा योगनरेन्द्रको मृत्यु हुँदा ३३ जना स्त्रीलाई सती पठाइएको थियो, जुन नेपाली इतिहास भरिकै अधिक हो (मास्के सन् १९९६ : ४२) । मल्ल कालमा राजा अथवा राजकुमारको मृत्यु हुँदा आमा सम्मलाई सती पठाइएको थियो (रेग्मी सन् १९६६ : ७१४; पन्त २०३४ : ७९) । मल्ल कालको कठोर सती प्रथाको प्रभाव शाह कालमा पनि पऱ्यो र पृथ्वीनारायण शाहको मृत्यु हुँदा नौ जना स्त्रीलाई सती पठाइयो (वज्राचार्य २०१९ : ३८) । त्यस्तै, उनका जेठा छोरा तथा रणबहादुरका बाबु प्रतापसिंह शाहको मृत्यु हुँदा आठ जना स्त्रीलाई सती पठाइयो (पन्त २०६५ : ८२) । जंगबहादुरको मृत्यु हुँदा चाहिँ तीन जनालाई सती पठाइयो (पन्त २०६५ : १०७; जबरा २०७२[२०४७] : २२०–२२४) । मुलुकको प्रमुख कार्यकारी शासक जंगबहादुरको मृत्यु हुँदा थोरै महिला सती गएकाले र उनको पालामा जारी भएको मुलुकी ऐन १९१० मा विधवालाई सती जानबाट रोक्न हरसम्भव प्रयास गर्नू भनी लेखिएकाले पनि भीमसेनको समयमा भन्दा जंगबहादुरको समयमा सती प्रथा खुकुलो थियो भन्ने स्पष्ट हुन्छ ।

प्रकाश ए. राजले राजराजेश्वरीलाई सती पठाउने कामलाई हत्या भनेका छन् । उनका अनुसार "रणबहादुरको देहान्त भएको नौ दिनपछि (राजराजेश्वरी) लाई सती पठाउने काम हत्या नै थियो" (राज २०६४ : १७) । यसो भनेर उनले महिलाले पतिको शवसँग सती जानु मात्र स्वाभाविक थियो भन्न खोजेका छन् । तर पतिको दाहसंस्कारपछि पनि सती पठाउने व्यवस्था त्यति बेला थियो । विधवाले मृतक पतिसँग जल्नुलाई सहमरण अथवा

सहगमन अथवा अन्वारोहण भनिन्थ्यो । तर पतिको अन्तै कतै मृत्यु भयो र उनको शव त्यतै जलाइयो भने त्यस्ता पतिको नाममा समेत विधवाहरूलाई सती पठाइन्थ्यो, जसलाई अनुमरण भनिन्थ्यो (काणे सन् १९९२[१९६३] : ३४९) ।

अन्यत्रै मृत्यु भएका श्रीमान्को नाममा विधवा श्रीमतीले अनुमरण गरेका घटना भीमसेन थापाको पालाभन्दा अगावै नेपालमा भइसकेका थिए । वि.सं. १७५७ मा भक्तपुरका राजा भूपतिन्द्र मल्ल तीर्थयात्रा गर्न दक्षिणतिर जाँदा अयोध्या नजिकै उनको मृत्यु भयो । उनको मृत्युको खबर दुई महिना पाँच दिनपछि भक्तपुर आइपुग्यो । खबर पाएपछि उनको चिनासँगै एक जना रानी सहित आठ महिलालाई सती पठाइएको थियो (पन्त २०४१ : १७०) ।

यति हुँदाहुँदै पनि राजराजेश्वरीलाई सती पठाउन अनिवार्य चाहिँ थिएन । पहिलो, रणबहादुरको हत्या हुँदा उनी राजा नभई मुख्तियार मात्र रहेकाले उनको नाममा कसैलाई सती नपठाउँदा पनि हुन्थ्यो । नेपालको इतिहासमा राजाको मृत्यु हुँदा ३३ जनासम्म महिला सती गएको माथि उल्लेख भइसकेको छ । तर राजा नरहेका व्यक्तिको मृत्यु हुँदा यति धेरै महिला सती गएको प्रसंग कतै उपलब्ध छैन । यसले मुख्तियार अथवा भारदारका श्रीमतीहरूको तुलनामा राजाका श्रीमतीहरूका लागि सती प्रथा बढी बाध्यकारी थियो भन्ने स्पष्ट पार्छ ।

दोस्रो, हेलम्बुमा राजराजेश्वरी लामा गुरुको सान्निध्यमा रहेर जपतप गर्ने लगायत धार्मिक साधनामा लीन भएकीले (वज्राचार्य २०१९ : १९४; नेपाल २०६४[२०५०] : ६४) उनलाई एक जना सन्न्यासी (रणबहादुर) सँगको दाम्पत्य जीवनको साङ्लामा बाँध्न आवश्यक थिएन ।

तेस्रो, हेलम्बुमा रहेकी राजराजेश्वरीलाई सती पठाउनभन्दा काठमाडौँमै रहेका रणबहादुरका अन्य श्रीमती (सुवर्णप्रभा, ललितत्रिपुरासुन्दरी, आदि) लाई सती पठाउन बढी सहज थियो ।

चौथो, राजाकै मृत्यु हुँदा पनि रानीलाई सती पठाउनु अनिवार्य थिएन । भीमसेन थापाको पतनपछि कुनै पनि राजाको मृत्यु हुँदा रानीहरूलाई सती पठाइएन । भारतमा डिसेम्बर ४, १८२९ मा सती प्रथा उन्मूलन भयो । त्यसको करिब २५ वर्षपछि जंगबहादुर प्रधानमन्त्री हुँदा जारी मुलुकी ऐनले भारतको सिको गर्दै नेपालमा सती प्रथालाई निरुत्साहित गऱ्यो । यति हुँदाहुँदै पनि जंगबहादुरको मृत्यु हुँदा उनका तीन जना रानीलाई सती पठाइयो (पन्त २०६५ : १०७) । त्यसको करिब चार वर्षपछि राजा सुरेन्द्रविक्रम र पूर्वराजा समेत रहेका उनका बाबु राजेन्द्रविक्रमको मृत्यु हुँदा कसैलाई सती पठाइएन । यसो गरेर राणाहरूले सायद मुलुकको वास्तविक अधिपति आफूहरू रहेको छनक दिन पनि खोजेका थिए । जंगबहादुर पछिका राणा शासकहरूले पनि सती प्रथालाई निरुत्साहित गर्ने विभिन्न कदम चाले (पंगेनी २०६९ : ६४–८०) । प्रधानमन्त्री चन्द्र शमशेरको पालामा असार २५, १९७७ मा सती प्रथा उन्मूलन नै भयो (रेग्मी १९७० : ५२–५३) । भीमसेन थापाको समयभन्दा अघि पनि राजाको मृत्यु हुँदा रानी सती जानै पर्ने बाध्यता नेपालमा कहिल्यै थिएन ।

राजराजेश्वरीलाई सती पठाउँदै गर्दा राजराजेश्वरीले जस्तै बालक राजा गीर्वाणयुद्धको संरक्षक भएर शासन सञ्चालन गर्ने माहिली रानी सुवर्णप्रभालाई चाहिँ सती किन पठाइएन भन्ने प्रश्न उब्जिन्छ । रणबहादुरको नेपाल फिर्तीपछि सुवर्णप्रभा शासनबाट पाखा लागेकी थिइन् । रणबहादुरकी कान्छी श्रीमती बनेर ललितत्रिपुरासुन्दरी भित्रिइसकेकी थिइन् । रणबहादुर र राजराजेश्वरी नरहँदा सुवर्णप्रभाले शासनमा हस्तक्षेप गर्ने अवस्था थिएन, किनकि उनी राजराजेश्वरीजस्तो रणबहादुरकी वैधानिक रानी थिइनन् । रणबहादुरले काठमाडौँ हनुमानढोका दरबार छेउको एउटा ठूलो घण्टामा उत्कीर्ण गराएको अभिलेखमा राजराजेश्वरीलाई सहधर्मिणी अर्थात् धर्मपत्नी र सुवर्णप्रभालाई ज्येष्ठा भोगिनी अर्थात् जेठी ल्याइता पत्नी उल्लेख गरिएको छ (पन्त २०७५ : ५) । स्वामी महाराज रणबहादुरले औपचारिक रूपमै भित्र्याएकी रानी ललितत्रिपुरासुन्दरी दरबारमा हुँदाहुँदै ल्याइते रानी सुवर्णप्रभालाई गीर्वाणयुद्धको नायब बन्न सम्भव थिएन । त्यसैले, सुवर्णप्रभाबाट भीमसेन थापाले जोखिम महसुस गरेनन् ।

रणबहादुरले बनारसबाट फर्किएपछि ललितत्रिपुरासुन्दरी नाम गरेकी १४ वर्षीया क्षत्री कन्यालाई श्रीमती बनाएर दरबार भित्र्याएका थिए (आचार्य २०७२[२०५५] : ५५) । सन् १८२५ को धरहरा अभिलेखमा उनलाई रणबहादुरकी पटराज्ञी (राजा सँगसँगै राज्याभिषेक नगरिएकी) भनिएको छ (कर्माचार्य सन् २००० : २६९) । रणबहादुरको हत्या भएपछि र राजराजेश्वरीलाई सती पठाएपछि भीमसेन थापाले ललितत्रिपुरासुन्दरीलाई बालक राजा गीर्वाणयुद्धको नायब बनाए । उमेरले पनि आफ्नो संरक्षक जस्ता भीमसेन थापा विरुद्ध शासनमा हस्तक्षेप गर्नुपर्ने ललितत्रिपुरासुन्दरीको कुनै स्वार्थ थिएन (कर्माचार्य सन् २००० : २६९) ।

यसबारे टिप्पणी गर्ने क्रममा बाबुराम आचार्यले "स्वामी–महाराज रणबहादुर शाहको देहान्तपछि प्रचलित परम्परा अनुसार अन्य सबै रानीहरूलाई सती पठाउँदा पनि यिनलाई भने किन सती पठाइएन ?" भनी लेखेका छन् (आचार्य २०६९ : ६२) । रणबहादुरका अन्य सबै महारानीलाई सती पठाइएको थियो भनी आचार्यले लेखेको कुरा गलत छ । "भाषावंशावली" मा रणबहादुरका छ जना रानी थिए भन्ने छ : राजेश्वरीदेवी (राजराजेश्वरी), कान्तवतीदेवी (कान्तवती), चन्द्रावतीदेवी, श्रीविजयालक्ष्मीदेवी, अम्बरराज्येश्वरीदेवी र ललितत्रिपुरासुन्दरी । यसका अतिरिक्त पाटन तथा भादगाउँका दुई जना नानीसाहेब (भोग्य रानी) समेत गरी उनका जम्मा आठ ओटी रानी रहेको र पाटनकी अर्की एउटी कन्यालाई उनले बिहे नगरिकनै रानी बनाएर दरबार भित्र्याएको यसमा जनाइएको छ (पौडेल २०२२ : ५६) । ती सब रानीलाई रणबहादुरको मृत्युपछि सती पठाइएको थिएन । राजराजेश्वरी र चन्द्रावतीलाई मात्र पठाइएको थियो ।

प्रकाश ए. राजले पनि सत्ता एक्लौटी बनाउने महत्त्वाकांक्षा पूरा गर्न भीमसेन थापाले ललितत्रिपुरासुन्दरीलाई सुरक्षित राखेर राजराजेश्वरीलाई जबरजस्ती सती पठाएको उल्लेख गरेका छन् । उनले लेखेका छन् :

> वि.सं. १८६३ वैशाखमा रणबहादुर शाहको हत्या भएपछि राजपरिवारको वरिष्ठ सदस्य कोही जीवित थिएन । सुवर्णप्रभा र रणोद्दोत जीवित भए पनि शक्तिहीन थिए । रणबहादुर शाहकी आमाको वि.सं. १८४२ सालमा नै देहान्त भइसकेको थियो । रणबहादुर शाहकी कान्छी महारानी ललितत्रिपुरासुन्दरी भने आफ्नो पतिको हत्या हुँदा काठमाडौँमै थिइन् । तर उनलाई सती नपठाई काठमाडौँबाट तीन दिन हिँड्ने बाटो टाढा रहेकी राजराजेश्वरीलाई किन सती पठाइयो ? त्यस बेला भीमसेन थापा नै सर्वेसर्वा थिए । भीमसेन थापाले यसरी सती पठाउने काम आफू निरंकुश सत्ताधारी हुने र आफूलाई कतैबाट खतरा नहुने हुनाले यसो गरेका होलान् । (राज २०६४ : अ)

ललितत्रिपुरासुन्दरीलाई गीर्वाणयुद्धको संरक्षक बनाएपछि उनी मार्फत शासन-सत्तामा हालीमुहाली गर्न भीमसेन थापालाई सजिलो भयो । रणबहादुरको हत्या भएकै वर्ष वि.सं. १८६३ मा ललितत्रिपुरासुन्दरीकै सहयोगबाट भीमसेन थापा मुख्तियार बने । वि.सं. १८९४ सम्म ३१ वर्ष उनी मुलुकको सर्वेसर्वा भए । यस बीचमा उनले वि.सं. १८६८ मा जनरल पद र वि.सं. १८९२ मा कमान्डर इन चीफ पद पनि प्राप्त गरे (नेपाली २०६०[२०१३] : १८) । ३१ वर्ष सम्मको आफ्नो हालीमुहाली सुनिश्चित गर्न उनलाई सती प्रथाले ठूलो साथ दिएको थियो ।

यदि उनले राजराजेश्वरीलाई सती जान बाध्य नपारेका भए ललितत्रिपुरासुन्दरीको सट्टा राजराजेश्वरी नै गीर्वाणयुद्धको नायब बन्ने सम्भावना प्रबल थियो । त्यसो हुँदो हो त मुलुकको सर्वेसर्वा बन्ने भीमसेनको महत्त्वाकांक्षा पूरा हुने थिएन । रणबहादुर शाह र भीमसेन थापाको गुटले मार्न लगाएका भारदार दामोदर पाँडे र राजराजेश्वरी एउटै गुटका थिए । रणबहादुरको मृत्युपछि राजराजेश्वरी गीर्वाणयुद्धको नायब बनेको भए भीमसेन थापाका दुर्दिन शुरू हुने पक्का थियो । राजराजेश्वरीलाई सती पठाएर भीमसेन थापाले ललितत्रिपुरासुन्दरीलाई नायब नबनाएको भए उनी शासन-सत्तामा उक्लिएर टिक्न सक्ने थिएनन् भन्ने कुरा चैत १६, १८८८ मा काठमाडौँमा फैलिएको हैजाका कारण ललितत्रिपुरासुन्दरीको मृत्यु भएपछि भीमसेन थापाको पतनको शृंखला आरम्भ भएको कुराले पनि पुष्टि गर्छ (कर्माचार्य सन् २००० : २६९–२८२) ।

बिफर रोगका कारण वि.सं. १८७३ मा गीर्वाणयुद्धको मृत्यु भएपछि सती प्रथाले भीमसेन थापालाई सत्तामा स्थिर रहन फेरि पनि मद्दत गऱ्यो । गीर्वाणयुद्धका दुई जना महारानी सिद्धिराज्यलक्ष्मी र गोरक्षराज्यलक्ष्मी राजकाजमा सक्रिय हुन खोज्ने स्वभावका थिए ।

उनीहरूले भीमसेन थापाको सट्टा अर्कै व्यक्तिलाई मुख्तियार बनाउन खोजेका थिए (स्टिलर सन् १९७६ : १०७)। त्यतिकैमा गीर्वाणयुद्धको मृत्यु हुँदा उनकी जेठी महारानी सिद्धिराज्यलक्ष्मी सती गइन् र भीमसेनलाई सहज भयो। गीर्वाणयुद्धको मृत्यु भएको दुई साताभित्रै कान्छी महारानी तथा नाबालक राजा राजेन्द्रविक्रमकी आमा गोरक्षराज्यलक्ष्मीको पनि अचानक मृत्यु भयो (आचार्य २०७२[२०५५] : ७१; स्टिलर सन् १९७६ : २५२)। गोरक्षलक्ष्मीको मृत्यु भएपछि मात्र भीमसेन थापाले नयाँ राजाको राज्याभिषेक गराउने संशयपूर्ण काम गरे (आचार्य २०७२ : ७१)। दुवै आमा नरहेपछि बालक राजा राजेन्द्रविक्रमको नायब बन्ने अभिभारा हजुरआमा ललितत्रिपुरासुन्दरीमाथि नै आइलाग्यो। भीमसेन थापाकी विश्वासपात्र ललितत्रिपुरासुन्दरीले उनलाई मुख्तियार पदमा थमौती गरिदिइन् (स्टिलर सन् १९७६ : २५२)। यसरी सती प्रथाबाट भीमसेनलाई दोस्रो पटक पनि लाभ मिल्यो।

## निष्कर्ष

भीमसेन थापाले सती प्रथालाई शक्ति हत्याउने माध्यम नबनाएको भए करिब ३० वर्षसम्म नेपालको सर्वेसर्वा भएर रहन उनलाई सम्भव थिएन। सती प्रथालाई विशुद्ध धार्मिक-सांस्कृतिक अभ्यास मानिँदै आएकामा यसलाई सत्ता स्वार्थको निम्ति नेपाली दरबारमा कसरी प्रयोग गरियो भन्ने विषयमा यो आलेखले प्रकाश पारेको छ। अर्थात्, सती प्रथाको सांस्कृतिक आयामको चर्चासँगै यसलाई राजनीतिक लाभहानिको गणना सहित कसरी उपयोग गरिँदो रहेछ भनेर देखाउन राजराजेश्वरीको सती गमनको सन्दर्भ उठाइएको छ। यस आलेखले इतिहासमा राजपत्नीहरूलाई संस्कृतिको आवरणमा कसरी प्रताडित गरिन्थ्यो भन्ने बारे चर्चा गरिएकाले लैंगिक दृष्टिकोणबाट राजपत्नीहरूले भोग्ने समस्या आम महिलाका समस्याभन्दा कसरी भिन्न थियो भन्नेतर्फ इंगित गर्दै नेपालको शासकीय इतिहासलाई नयाँ कोणले नियाल्न यसले अध्येताहरूलाई मद्दत गर्न सक्छ। साथै, गैर-सांस्कृतिक, स्वार्थमूलक प्रयोजनका लागि सती प्रथा जस्ता अन्य सांस्कृतिक अभ्यासहरूको उपादेयताबारे अनुसन्धान गर्न सकिने सम्भावनातर्फ पनि यसले औँल्याएको छ।

## धन्यवाद

यस आलेखको पहिलो मस्यौदा पढेर सुझाव दिनुहुने इतिहासविद् योगेश राजप्रति आभार व्यक्त गर्छु। आलेखको संरचना र यसका लागि आवश्यक पर्ने सन्दर्भ सामग्रीबारे उहाँले दिनुभएको सुझावले आलेखलाई परिमार्जन गर्न मद्दत गरेको छ। लेखनका क्रममा इतिहासविद् महेशराज पन्त र समाजशास्त्री कल्याणभक्त माथेमासँग गरिएका परामर्शले लेखलाई पठनीय बनाउन मद्दत पुऱ्याएको छ, तसर्थ उहाँहरू दुवैलाई धन्यवाद छ। लेखनका क्रममा सन्दर्भ सामग्री उपलब्ध गराई सहयोग गर्नु भएकामा लेखक राप्रउ पोखरेल, पत्रकार जीवनाथ खनाल

र त्रिवि केन्द्रीय पुस्तकालय तथा मार्टिन चौतारीको पुस्तकालयका लाइब्रेरियनहरूप्रति पनि आभारी छु । साथै, आलेख पढेर टिप्पणी गरिदिनुभएकामा सबै अज्ञात समीक्षक र भाषा सम्पादनमा सहयोग गरिदिनु भएकोमा सम्पादक मण्डलप्रति कृतज्ञ छु ।

## सन्दर्भ सामग्री

आचार्य, बाबुराम । २०६९ । *जनरल भीमसेन थापा : यिनको उत्थान तथा पतन* । काठमाडौँ : श्रीकृष्ण आचार्य ।

आचार्य, बाबुराम । २०७२[२०५५] । *अब यस्तो कहिल्यै नहोस्* । काठमाडौँ : श्रीकृष्ण आचार्य ।

आचार्य, बाबुराम । २०७३[२०२२] । *नेपालको संक्षिप्त वृत्तान्त* । काठमाडौँ : श्रीकृष्ण आचार्य ।

कर्माचार्य (हाडा), गंगा । सन् २००० । ललितत्रिपुरासुन्दरीको निधन र भीमसेन थापाको पतन । *कन्ट्रिब्युसन्स टु नेपलिज स्टडिज* २७(२) : २६९–२८२ ।

काणे, पाण्डुरंग वामन । सन् १९९२[१९६३] । *धर्मशास्त्र का इतिहास* (प्रथम भाग) । लखनउ : उत्तर प्रदेश हिन्दी संस्थान ।

कानून किताब व्यवस्था समिति । २०२२ । *मुलुकी ऐन* । काठमाडौँ : कानून किताब व्यवस्था समिति ।

जबरा, पुरुषोत्तम शमशेर । २०७२[२०४७] । *श्री ३ हरूको तथ्य वृत्तान्त* (भाग एक) । काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

नेपाल, ज्ञानमणि । २०४० । *नेपाल निरुक्त* । काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

नेपाल, ज्ञानमणि । २०६४[२०५०] । *नेपालको महाभारत* । काठमाडौँ : साझा प्रकाशन ।

नेपाली, चित्तरञ्जन । २०२० । *श्री ५ रणबहादुर शाह (व्यक्तित्व र शासन)* । काठमाडौँ : मेरी राजभण्डारी ।

नेपाली, चित्तरञ्जन । २०६०[२०१३] । *जनरल भीमसेन थापा र तत्कालीन नेपाल* । काठमाडौँ : रत्न पुस्तक भण्डार ।

पन्त, दिनेशराज । २०४१ । *गोरखाको इतिहास* (पहिलो भाग) । काठमाडौँ : दिनेशराज पन्त ।

पन्त, दिनेशराज, सं. । २०६५ । *संक्षिप्त वंशावली* । काठमाडौँ : खिलशर्मा–राजीवलोचन जोशी स्मारक प्रतिष्ठान ।

पन्त, नयराज । २०१८ । श्रीचित्तरञ्जन नेपालीजीसँग आफूले बोलेको कुरा सिद्ध गर्ने के प्रमाण छ ? *विद्या-रक्षा* ६ : १–६ ।

पन्त, नयराज । २०३१ । भीमसेन थापा । *पूर्णिमा* ८(४) : २१७–२३६ ।

पन्त, महेशराज । २०२१ । नेपाल-अंग्रेज युद्धको तयारी । *पूर्णिमा* १(२) : ६८–७६ ।

पन्त, महेशराज। २०३४। महेन्द्र मल्लका विषयमा केही कुरा। *पूर्णिमा* १०(२) : ७४–८९।

पन्त, महेशराज। २०७५। मोहनचोकको बालगोपाल मूर्ति। *हनुमानढोका दरवार संग्रहालय विकास समितिको स्मारिका २०७५*। अरुणा नकर्मी र श्यामसुन्दर पुडासैनी, सं., पृ. १–१०। काठमाडौँ : हनुमानढोका दरवार संग्रहालय विकास समिति।

पराजुली, कृष्णप्रसाद, सं.। २०४०। *नेपाली बृहत् शब्दकोश*। काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान।

पौडेल, नयनाथ। २०२२। पचलीको श्रीनानीसाहेब लक्ष्मीदेवीको वि.सं. १८७० को अभिलेख र त्यसको ऐतिहासिक व्याख्या। *पूर्णिमा* २(२) : ५५–६७।

पंगेनी, भवेश्वर। २०६९। सती प्रथा निरुत्साहित गर्ने वीरशमशेरको प्रयास। *अभिलेख* ३०(३०) : ६४–८०।

राज, प्रकाश ए.। २०६४। *महारानी राजराजेश्वरी*। काठमाडौँ : नवीन पब्लिकेसन्स।

वज्राचार्य, धनवज्र। २०१९। *पण्डित सुन्दरानन्दविरचित त्रिरत्न-सौन्दर्य-गाथा*। काठमाडौँ : नेपाल सांस्कृतिक परिषद्।

वज्राचार्य, धनवज्र र टेकबहादुर श्रेष्ठ। २०३७। *शाहकालीन अभिलेख*। काठमाडौँ : नेपाल र एशियाली अध्ययन केन्द्र, त्रिभुवन विश्वविद्यालय।

Malla, Mala. 2010–2011. Sati Custom. *Rolamba* 30(1–4): 11–20.

Maskey, Govinda. 1996. *Social Life in Nepal*. New Delhi: Anmol Publication Pvt. Ltd.

Regmi, D.R. 1966. *Medieval Nepal* (Part II). Calcutta: Firma K.L. Mukhopadhyay.

Regmi, Mahesh C. 1970. Abolition of the Sati System. *Regmi Research Series* 2(7): 52–53.

Stiller, Ludwig F. 1973. *The Rise of the House of Gorkha*. New Delhi: Manjusri Publishing House.

Stiller, Ludwig F. 1976. *The Silent Cry*. Kathmandu: Sahayogi Prakashan.

## लेखक परिचय

**सुजित मैनाली** पूर्वाञ्चल विश्वविद्यालयबाट समाजशास्त्रमा स्नातकोत्तर हुन्। इतिहास-संस्कृति अध्ययनमा अभिरुचि राख्ने उनी काठमाडौँस्थित मदन भण्डारी मेमोरियल कलेजमा अध्यापन गर्छन्। उनी पानोस साउथ एशिया अन्तर्गतको साउथ एशिया चेक परियोजनामा तथ्य जाँचकीका रूपमा पनि क्रियाशील छन्। ईमेल : sujitmainali@gmail.com